नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा मिति २०८० कार्तिक २१ गते प्रधानमन्त्री निवास वालुवाटारमा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा विजय हाँसिल गर्ने नेपाली राष्ट्रिय क्रिकेट टिमलाई बधाई, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम एक समारोहका बीच सम्पन्न भयो ।

माननीय युवा तथा खेलकुद मन्त्री डिक बहादुर लिम्बुको अध्यक्षता तथा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको उक्त कार्यक्रममा नेपाल, यू.ए.ई. र पपुवान्यूगिनि बिच मिति २०७९ फागुन २५ देखि चैत २ गते सम्म काठमाडौंमा आयोजना गरिएको ICC Cricket World Cup Qualifier प्रतियोगिता, नेपाल, यू.ए.ई.,ओमान, कतार, मलेसिया, साउदी अरेविया, हङकङ, कुवेत, सिंगापुर र बहराईन सम्मिलित मिति २०८० वैशाख ५ देखि १८ गते सम्म आयोजना गरिएको ACC Men's premier cup क्रिकेट प्रतियोगिताका विजेता सिनियर नेपाली राष्ट्रिय क्रिकेट टिमका खेलाडी, प्रशिक्षक, टिम व्यवस्थापक र फिजियोलाई अन्तर्राष्ट्रिय क्रिकेट जगतमा राष्ट्रको गौरव बढाउन पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम पुरस्कार तथा सम्मान पत्र वितरण गरिएको थियो ।

साथै मिति २०८० कार्तिक १३ देखि १९ गतेसम्म आयोजना भएको ICC man's T-20 World Cup मा छनौट हुन सफल भएकोमा सम्माननीय प्रधानमन्त्री, माननीय युवा तथा खेलकुद मन्त्री र मन्त्रालयका सचिव समेतले सिनियर नेपाली राष्ट्रिय क्रिकेट टिमलाई बधाई ज्ञापन गर्दै आगामी T-20 World Cup मा सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो ।

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ ( आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np

CamScanner